# फुड प्यान्ट्रीको भ्रमण

## फुड प्यान्ट्री भनेको के हो?

खाद्यान्न आवश्यक भएका व्यक्ति र परिवारहरूले निःशुल्क रूपमा 3 दिनको खाना आपूर्ति प्राप्त गर्न सक्ने केन्द्र हो। फुड प्यान्ट्रीहरू सरकारी एजेन्सीहरू होइनन्, तिनीहरू परोपकारी संस्थाहरू हुन् जसको उद्देश्य तपाईं र तपाईंको परिवारलाई खाना खुवाउनु हो।

## तपाईं कसरी फुड प्यान्ट्री खोज्न सक्नुहुन्छ?

फुड प्यान्ट्री खोज्नमा मद्दत पाउनका लागि, तपाईंको छिमेकी वा तपाईंको सहायता गर्ने संस्थाहरूलाई सोध्नुहोस्।

साथै, तपाईं आफ्नो जीप कोड क्षेत्रमा भएका प्यान्ट्री र खाद्य कार्यक्रमहरूको सूचीका लागि **FreshTrak.com** मा जान सक्नुहुन्छ।

## तपाईं पहिलो पटक फुड प्यान्ट्रीमा जाँदा के-कस्ता कुराहरूको अपेक्षा गर्नुपर्छ र के-के ल्याउनुपर्छ?

1. त्यहाँ लाइन हुन्छ र तपाईंको पालो आउन 30 मिनेटसम्म लाइनमा प्रतीक्षा गर्नुपर्ने हुन सक्छ भनी अपेक्षा गर्नुहोस्। साँझपख जाने प्रयास गर्नुहोस्।
2. तपाईंले आफ्नो परिवारमा बस्ने सदस्यहरूको सङ्ख्या र उनीहरूको उमेर बताउनु हुने छ।
3. पहिचानको प्रमाण (कुनै पनि प्रकारको फोटो आइडी)-सवारी चालकको इजाजतपत्र, राहदानी ल्याउनुहोस्, *कृपया यी कुराहरू तपाईं प्यान्ट्रीमा प्रत्येक पटक आउँदा चाहिने छ भन्ने कुरा ध्यानमा राख्नुहोस्।
4. लिज, बहाल सम्झौता, तपाईंको हालको ठेगाना भएको मेल वा उपयोगिता बिल ल्याएर आफ्नो ठेगाना प्रमाणित गर्नुहोस्।
5. तपाईंले खाना प्राप्त गर्नका लागि सेवाको समयमा आम्दानीसम्बन्धी मार्गनिर्देशनहरू पूरा गर्नुपर्छ। यसको रिपोर्ट तपाईं आफैंले दिनुहुनेछ र कुनै प्रमाण आवश्यक पर्ने छैन।
6. तपाईंलाई आफ्ना साझा गरिएका सबै जानकारी सही छन् भनी हस्ताक्षर गर्न अनुरोध गरिने छ।

## तपाईंले फुड प्यान्ट्रीबाट कस्ता प्रकारका खानेकुरा प्राप्त गर्नु हुने छ?

प्रत्येक प्यान्ट्रीमा खाद्य वस्तुहरू भिन्न-भिन्नै हुन सक्छन्। के-के उपलब्ध छ भनी हेर्न र खाना बनाउनका लागि के-कस्ता वस्तुहरू लैजाने भन्नेबारे सोच्नका लागि पहिले प्यान्ट्रीमा गएर हेर्दा राम्रो हुन्छ।
केही प्यान्ट्रीहरूमा, तपाईंलाई फुड प्यान्ट्रीमा प्रवेश गरी आफैँ सामान रोजेर लैजाने अनुमति दिइने छ। अरू प्यान्ट्रीहरूमा ड्राइभ-थ्रु हुने छ जहाँ तपाईंले प्याक गरिएका खाद्य बाकसहरू लिन सक्नुहुन्छ। स्वयंसेवकहरूले यो खाद्य बाकस तपाईंको कारमा राखिदिने छन्।

## केही सुझावहरू:

→ डाइपर, वाइप्स, घरपालुवा जनावरको खाना वा व्यक्तिगत हेरचाहका वस्तुहरू जस्ता "अतिरिक्त वस्तुहरू"*को बारेमा सोध्नुहोस्।*
→ तपाईंको अनुवादनमा मद्दत गर्न सक्ने साथी हुनुहुन्छ भने, उहाँलाई पनि आफूसँगै ल्याउनुहोस्।
→ तपाईंलाई विशेष आहारीय आवश्यकताहरू भएमा, कृपया प्यान्ट्रीको कर्मचारीलाई सूचित गर्नुहोस्।
→ खाद्य वा चिकित्सा सहायता जस्ता अन्य सेवाहरूमा मद्दतको बारेमा सोध्नुहोस्।
→ हप्ताको फरक-फरक दिनमा जानुहोस्।
→ कामदारहरूसँग नम्र हुनुहोस्।